बेनी नगरपालिका
नगर कार्यपालिकाको बैठक
वि.सं. २०८१/०१/१८
(ने.सं. ११४४ चौलागा, ६ मंगलबार)

निर्णयहरू

१. चालू आर्थिक वर्षका तपसिलका आयोजनाहरूको ठेक्काहरूको म्याद अवधि देहायबमोजिम थप गर्ने

तपसिल
म्याद थप गर्नुपर्ने आयोजनाहरूको विवरण

क) रावण पार्क निर्माणः २०८१ साल असार १० गतेसम्म

ख) माहारानी थान छापा डाँडाखेत सडकः २०८१ जेठ मसान्तसम्म

ग) अर्थुङ्गे पुलाचौर भूतपानी सडकः २०८१ जेठ मसान्तसम्म

२. यस नगरपालिका अन्तर्गतका देहायबमोजिमका विद्यालयहरूमा देहायबमोजिम कक्षा थप तथा विषय थप गर्ने ।

क) प्रकाश मा.वि., बेनी नगरपालिका, वडा नं. ७ः कक्षा ११ र १२ मा ऐच्छिक विषय कम्प्यूटर विज्ञान थप गर्ने ।

ख) बालमन्दिर मा.वि., बेनी नगरपालिका-८ः कक्षा १० सञ्चालनको अनुमति दिने ।

ग) सरस्वती आधारभूत विद्यालय, बेनी नगरपालिका वडा नं. २ः कक्षा ८ सञ्चालनको अनुमति दिने ।

३. बेनी नगरपालिकाको शिक्षा समितिको बैठकले मिति २०८१/०१/१२ गते गरेका निर्णयहरू अनुमोदन तथा स्वीकार गर्ने।

४. बेनी नगरपालिका तथा कार्यालय र अन्तर्गतका पदाधिकारी तथा कर्मचारीहरूको सवारी मर्मत तथा इन्धन खर्च सम्बन्धमा कार्यविधि निर्माण गरेर व्यवस्थित गर्ने।

५. बेनी नगरपालिका अन्तर्गत बन्ने घर टहराहरू तथा अद्यावधिक अभिलेखिकरणको कार्य तथा नक्सापास प्रकृया अब उप्रान्त सम्बन्धित वडा कार्यालयबाट शुरू गर्ने । सम्बन्धित वडाले सबै नागरिकले नयाँ निर्माण गर्ने घर टहराहरूलाई नगरपालिकाबाट नक्सापास गरेर मात्र गर्ने व्यवस्था सुनिश्चित गर्ने । नक्सापासको लागि सबै कागजातहरू संलग्न गरी वडा कार्यालयले नक्सा इकाईमा वडाको सिफारिस सहित फाइल पठाउने र नक्सा इकाईले आफ्नो रायसहित जिम्मेवार इन्जिनियरलाई पेश गर्ने र कानूनबमोजिमको नक्सापास प्रकृया पूरा गर्ने । कार्यालयबाट निर्माणको अनुमति लिई शुरू गरेको निर्माण कार्यको सबै चरणमा सम्बन्धित वडा कार्यालय, वडा समिति तथा नगर कार्यपालिकाको कार्यालयवाट अनुगमन/ निरीक्षण गर्ने र वडा कार्यालयको सिफारिससमेतको आधारमा नक्सापास प्रकृया र



सुरत के.सी.
नगर प्रमुख

निर्माणसम्पन्न कार्य पूरा गर्ने । इजाजत विना बनेका घरहरू तथा निर्माण अनुमति लिएर निर्माण सम्पन्न नलिएका घरहरूको सबै तहबाट अनुगमन गर्ने । नक्सापाससम्बन्धी अन्य कार्यविधि र प्रकृया कार्यालयले तय गर्ने ।

६. बेनी नगरपालिकामा घर निर्माण भई निर्माण सम्पन्न प्रमाणपत्र नपाएका घरहरू तथा घरधनीहरूको समस्या अध्ययन गरी प्रतिवेदन पेश गर्न देहायबमोजिमको कार्यदल गठन गर्ने र सो कार्यदलले अधिकतम् तीन महिनाभित्र आफ्नो प्रतिवेदन कार्यपालिकाको बैठकमा पेश गर्ने ।

कार्यदलको विवरण

क) संयोजक श्री उत्तमकुमार कर्मचार्यः वडा अध्यक्ष (८ नं वडा)

ख) सदस्य श्री युवराज थापाः अधिकृतस्तर सातौं तह (प्रशासकीय अधिकृत)

ग) सदस्य सचिव श्री सुदिप गौतमः अधिकृतस्तर सातौं तह (इन्जिनियर)

७. बेनी नगरपालिका वडा नं. ५ घरठेगाना रहेका भरत भण्डारीलाई आगजनी भएको निजको घरकटेराको राहत स्वरूप नगद रू. ५० हजार विपद् व्यवस्थापन कोषबाट उपलब्ध गराउने ।

८. नगर क्षेत्रभित्रका सबै सामुदायिक विद्यालयको गुणस्तर सुधार गर्ने, विद्यार्थी संख्या र अध्ययनरत विद्यार्थीको अनुपातमा शिक्षक व्यवस्थापन गर्ने, विद्यालयहरूको प्रभावकारी व्यवस्थापन गर्नको लागि शिक्षक सरुवा तथा प्रतिष्पर्धात्मक रूपमा प्रधानअध्यापक नियुक्ति तथा व्यवस्थापन सम्बन्धमा कार्यविधि निर्माण गरी व्यवस्थित गर्ने । कार्यविधिको मस्यौदा शिक्षा तथा खेलकूद शाखाले तुरुन्तै पेश गर्ने ।

९. बेनी नगरपालिका अन्तर्गत माध्यमिक तहमा अध्ययन गरिरहेका निर्वाचित जनप्रतिनिधि, कार्यालय र अन्तर्गतका कार्यालयहरू, सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीहरूका छोराछोरीहरूलाई सामुदायिक विद्यालयमा अध्ययन गराउन प्रोत्साहन गर्ने ।

१०. नेपाल सरकारको निर्णय तथा विद्यमान शिक्षासम्बन्धी कानूनहरूको आधारमा समेत विद्यालयका शिक्षक तथा कर्मचारीहरूले कुनैपनि राजनीतिक दलको सदस्य नहुने, भएकोमा १५ दिनभित्र त्याग्ने र सोको जानकारी कार्यालयमा पठाउने, कानूनले वन्देज गरेका विभिन्न नाफामूलक, सहकारी तथा व्यावसायिक संघसंस्थामा लाभका पदहरु एवम् कार्यकारिणी समितिहरूमा शिक्षक तथा कर्मचारीहरू नबस्ने। यससम्बन्धमा प्रभावकारी अनुगमन निरीक्षण गर्ने जिम्मेवारी सामाजिक विकास समितिलाई दिने । आवश्यक सहयोग गरिदिन र उल्लिखित शिक्षक/ कर्मचारीहरूलाई त्यस्ता संगठन तथा संस्थाहरूमा नराख्नको लागि क्रियासिल सबै राजनीतिक दल तथा जिल्लाका संघ/संस्थाहरूलाई पत्राचार गर्ने ।

सुरत के.सी.
नगर प्रमुख

११. बेनी नगरपालिका अन्तर्गत सञ्चालनमा रहेका सबै संस्थागत विद्यालयहरूले देहायबमोजिमको कानूनी प्रवन्ध गरेको सुनिश्चित गर्ने र सोको अनुगमन शिक्षा समिति तथा कार्यालयको शिक्षा, युवा तथा खेलकूद शाखाले गर्ने ।

देहाय

संस्थागत विद्यालयले पालना गर्नुपर्ने कानूनी प्रावधानहरू

क) विद्यालयमा अध्यापन गर्ने सबै शिक्षकहरूको शिक्षण अनुमति पत्र भएको हुनुपर्ने ।

ख) विद्यालयमा विषयगत शिक्षकहरूको व्यवस्था हुनुपर्ने ।

ग) सबै शिक्षकहरूलाई प्रचलित कानूनले तय गरेबमोजिम न्यूनतम तलबमान दिनुपर्ने ।

घ) नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रले तय गरेका पाठ्यसामग्रीमात्र अध्यापन गराउने । स्वीकृति विना अन्य पाठ्यसामग्री अध्यापन नगराउने।

ङ) विद्यालयमा अध्ययनरत विद्यार्थीहरूमध्ये न्यूनतम दशप्रतिशत गरीब तथा विपन्न विद्यार्थीहरूलाई छात्रवृत्ति उपलब्ध गराउने ।

च) प्रत्येक विद्यालयले उसले विद्यार्थी र अभिभावकबाट बर्षभरी लिने शुल्कको पूर्व स्वीकृति नगरपालिकाबाट लिएको हुनुपर्ने । अन्यथा कानूनविपरित शुल्क लिएको हुने ।

१२. नगरपालिकाको विद्यमान आवधिक योजना तथा नगर प्रोफाइलको संशोधन/ परिमार्जन जरूरी भएकाले सोका लागि लाग्ने खर्च व्यवस्थापन गरी उल्लिखित दस्तावेजहरूको संशोधन/ परिमार्जन गर्ने ।

१३. बेनी नगरपालिकाको आवधिक नगर शिक्षा योजना तर्जूमा प्रकृया अघि बढाउने ।

१४. नगरपालिकाको चमेनागृहमा तत्कालीन चमेनागृह सञ्चालकले निर्माण गरेको थप भान्सा कोठा (kitchen) र चमेनागृहको अग्रकक्षमा निर्माण भएको काँच र आलमुनियमको पार्टेशन प्राविधिक मूल्यांकनको आधारमा कार्यालयले खरिद गर्ने ।

१५. वडा कार्यालयबाट खरिद गर्नुपर्ने सबै जिन्सी सामानहरुको खरिद गर्दा सार्वजनिक खरिद कानूनहरुले तय गरेका विधि अवलम्बन गरी नगर कार्यपालिकाको कार्यालयको जिन्सी शाखाबाट माग फाराम स्वीकृति, खरिद, दाखिलासमेतका प्रकृया पूरा गरेरमात्र गर्ने ।

१६. यस नगरपालिकाको वडा नं. २, लब्लीहीलमा बन्ने काँचको दृश्यावलोकन साइटसमेतका संरचनाहरुको निर्माणकार्यको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने र सोको लागत चालू वर्षको सोही योजनाको बजेट शीर्षकबाट बेहोर्ने ।

१७. बेनी नगरपालिका वडा नं. २ को खबरा खानेपानी योजनाको लागत अनुमानमा छुट भएको पार्ट्सहरू खरिद गर्ने र सोको भुक्तानी समेत उल्लिखित योजनाको रकमबाटै दिने ।

नगर कार्यपालिकाको कार्यालय बेनी नगरपालिका बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

सुरत के.सी.
नगर प्रमुख

१८. यस नगरपालिका वडा नं.६ मा रहेको नयाँ रामघाटको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने ।सो कार्यका लागि आवश्यक पर्ने बजेटको कार्यालयले व्यवस्थापन गर्ने ।

१९. सबै वडा अध्यक्षहरूले कार्यवाहक अध्यक्षको जिम्मेवारी दिंदा प्रचलित कानूनले तय गरेका प्रावधानहरू अवलम्बन गर्ने । कार्यवाहक अध्यक्षले कानूनबमोजिमका सिफारिसहरूमात्र गर्नेः आर्थिक दायित्व सिर्जना हुने कामकारवाहीहरू नगर्ने । कार्यपालिकाको सदस्यलाई कार्यवाहक वडा अध्यक्ष नतोक्ने । कार्यपालिकाको सदस्यले वडाको बैठकमा उपस्थित हुँदा आफ्नो पदबमोजिम विशेष वा अन्य उपस्थितिमा दस्तखत गर्ने, कार्यपालिकाको सदस्यले वडा सदस्यको रुपमा उपस्थिति एवम् निर्णयहरू नगर्ने ।

२०. उपभोक्ता समितिको अध्यक्ष, सचिव तथा कोषाध्यक्ष रिक्त भएमा जुन विधिबाट उनीहरू छानिएका हुन् त्यही विधिले पुन छान्ने । उपभोक्ता समितिका उल्लिखित पदहरू रिक्त हुँदा बाँकी रहेका सदस्यहरू मध्येबाट कुनै सदस्यलाई अध्यक्ष, सचिव वा कोषाध्यक्ष नतोक्ने । यस कार्यमा सम्बन्धित वडा अध्यक्ष र कार्यालयको योजना शाखाले प्रभावकारी रूपमा अनुगमन गर्ने ।

२१. चालू आर्थिक वर्षको प्रधानमन्त्री रोजगार कार्यक्रममा तपसिल बमोजिम आयोजनाहरू संशोधन गर्ने ।

तपसिल

आयोजनाहरुको विवरण

| क्र.सं. | साविकको आयोजना | बजेट | संशोधित आयोजना | सं. बजेट |
|---|---|---|---|---|
| १ | खोरिया पदमार्ग निर्माण योजना (वडा नं. ८) | १४०८०० | डल्लेपिपल खोरिया सडक सोलिङ योजना (वडा नं. ८) | १४०८०० |
| २ | अर्थुङ्गे तल्लो जामुनाखर्क मोटरबाटो सोलिङ योजना (वडा नं. ६) | ३०७४०० | कुवापानी जगन्नाथ मोटरबाटो सोलिङ योजना (वडा नं. ५) | ३०७४०० |

२२. आगामी आर्थिक वर्ष २०८१/८२ का लागि यस नगरपालिका अन्तर्गत कूल ९९६ (नौसय छयानब्बे) जना बेरोजगार व्यक्तिहरूको सूचिकृत गर्ने ।

२३. आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धमा आवश्यक कामकारवाही अघि बढाउने ।

२४. सशस्त्र प्रहरी बल, नेपाल आश्रित गुल्म, गलेश्वर, म्याग्दीलाई म्याग्दी जिल्ला साविक घतान गाउँ विकास समिति वडा नं. ६, गलेश्वरस्थित साविक कृषि विकास कार्यालय, म्याग्दीको नाउँमा रहेको कित्ता नं. २८, २९,३०, ३१, ३२, ३३, ३५, ४३, ४४, ४५, ४६, ४७, ४८, १५५, १५७, १५[illegible] १६१ तथा ऐ. स्थानकै साविक जिल्ला वन कार्यालय,

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल



सुरत के.सी. नगर प्रमुख

म्याग्दीको नाउँमा श्रेस्ता कायम भएको कित्ता नं. १७० र १७२ को जग्गाहरू भविश्यमा कुनै कारणले सशस्त्र प्रहरी बल नेपाल अन्य स्थानमा स्थानान्तरण हुँदा सो जग्गा बेनी नगरपालिकाकै लागि माग गर्ने गरी हाललाई उल्लिखित कित्ताहरू सहितको जग्गाको हकभोग कानूनबमोजिम सशस्त्र प्रहरी बल, नेपाल आश्रित गुल्म, गलेश्वरको नाउँमा हस्तान्तरण हुन नेपाल सरकारलाई सिफारिस गर्ने ।

२५. यस कार्यालय अन्तर्गतका स्वास्थ्य संस्थाहरूमा रिक्त रहेका दरबन्दीबमोजिमका कर्मचारी करार पदपूर्तिको लागि सार्वजनिक सूचना प्रकाशन गर्ने ।

२६. चालू आर्थिक वर्षका कार्यान्वयन हुन बाँकी योजना तथा कार्यक्रमहरू छिटो र प्रभावकारी रूपमा कार्यान्वयन गर्ने /गराउने ।

२७. यस नगरपालिकाको स्थापना दिवस यही बैशाख महिनाको २५ गते सबै वडा कार्यालयहरूमा जेहन्दार गरीव तथा विपन्न विद्यार्थी छात्रछात्राहरूलाई शैक्षिक सामग्री वितरण गरी मनाउने । सोका लागि प्रत्येक वडामा रू. १००००/- बजेट सुनिश्चित गर्ने र सो बजेट मेयरसँग सामाजिक कार्यक्रम शीर्षकबाट व्यवस्था गर्ने ।

२८. बेनी नगरपालिकाका निर्वाचित जनप्रतिनिधिहरुमध्ये स्वीकृति विनानै एकमहिनाभन्दा बढी समयसम्म विदेशमा रहेका जनप्रतिनिधिहरूको निज स्वदेश फर्की कार्यालयलाई जानकारी नगराउँदासम्मको अवधिको पारिश्रमिक/सुविधा रोक्ने ।

२९. यस कार्यालय परिसरमा रहेको निर्माण कम्पनी खुशी होम्स् विल्डर्स, बेनी नगरपालिका-६, छापाको स्वामित्वमा रहेको पाइप कार्यालयको फोहोर व्यवस्थापन गर्ने कार्यले जलेर काम नलाग्ने भएकाले जेजति पाइप जलेर काम नलाग्ने भएको हो, सो परिमाणको पाइपको प्राविधिक मूल्यांकन बमोजिम क्षतिपूर्ति निर्माण कम्पनीलाई उपलब्ध गराउने ।(पाइप नगरपालिका अन्तर्गतकै ठेक्काको काम गर्ने सिलसिलामा राखिएको)

३०. बेनी नगरपालिका वडा नं. ४ सिंगामा रहेको चिस्यान केन्द्रको सुरक्षार्थ सम्बन्धित वडा समितिको सिफारिसले एक जना कुरूवा यही जेठ महिनादेखि लागू हुनेगरी राख्ने । सो कार्यका लागि मासिक रू. १५०००/- तलब निज कुरूवालाई उपलब्ध गराउने । सो रकम अर्को व्यवस्था नभएसम्मका लागि कर्मचारी तलबभत्ता वा जनप्रतिनिधि सुविधा शीर्षकबाट उपलब्ध गराउने ।

३१. गत आर्थिक वर्षमा वडा नं. ८ मा जडान भएका चारवटा सीसी क्यामेराको भुक्तानी रकम अभावका कारण बाँकी रहेकोमा सो रकम आवश्यक सबै कागजातहरू प्राप्त गरी चालू आर्थिक वर्षको मेयरसँग सामाजिक विकास कार्यक्रम शीर्षकबाट भुक्तानी गर्ने ।

३२. बेनी खानेपानी तथा सरसफाई उपभोक्ता संस्थालाई स्थानीय कानूनबमोजिम नगरपालिकामा दर्ता प्रकृयामा ल्याउनका लागि आवश्यक प्रवन्ध गर्ने ।

नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३

सुरत के.सी.
नगर प्रमुख

३३. यस नगरपालिका अन्तर्गतका सबै विद्यालयहरूले उनीहरूको स्वमित्त्वको जग्गामा बनेका घर टहराहरू भाडामा लगाएकोमा स्थानीय कानूनबमोजिम घरभाडा कर लिने प्रवन्ध मिलाउने ।

३४. परम् बैद्धिक सनातन धार्मिक आश्रम, रत्नेचौर, म्याग्दीमा खरिद भएका फर्निचरहरूको भुक्तानीका लागि सो आश्रमलाई चालू आर्थिक वर्षको मेयरसँग सामाजिक विकास कार्यक्रमबाट रूपैया एकलाख पचासहजार भुक्तानी दिने ।

३५. चालू आर्थिक वर्षको नवीकरणीय ऊर्जा प्रविधि जडान कार्यक्रम अन्तर्गत देहायका योजना तथा कार्यक्रमहरू सञ्चालन गर्ने ।

देहाय

नवीकरणीय ऊर्जा प्रविधि जडान कार्यक्रमहरू

a. वडा नं. ४, ५,६ र ८ मा सौर्य ऊर्जा प्रणाली वत्ती जडान ।
b. परम् बैद्धिक सनातन धार्मिक आश्रम, रत्नेचौरमा जडान गरिएको पानी तताउने सोलार प्रणालीको भुक्तानीः रू. ११५०००/-

३६. चालू आर्थिक वर्षको लागि गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, पोखरा र यस कार्यालयबीच भएको राजस्व सुधार कार्ययोजना निर्माण गर्ने सम्झौताबमोजिम योजना निर्माणका लागि छनोट भएको फर्म ह्युमन डेभलपमेन्ट एण्ड रिसर्च सेन्टर नेपाल प्रा.लि. ले अन्तिम प्रतिवेदन प्रस्तुत गरिसकेकाले कानूनले तय गरेका प्रकृयाहरू पूरा गरी अन्तिम भुक्तानी गर्नका लागि खरिद प्रकृयाका सबै कागजातहरू संलग्न राखी गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान, पोखरामा पठाउने ।

३७. नगर कार्यपालिकाको कार्यालय वा अन्तर्गत कार्यरत करार कर्मचारीहरूको नियमानुसार करार अवधि चालू आर्थिक वर्षको असार मसान्तसम्म थप गर्ने ।

-0-

निर्णय प्रमाणीकरण पदाधिकारीको

दस्तखतः

नामः सुरत के.सी.

पदःनगर प्रमुख

मितिः २०८१/०१/१८ गते

बेनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बेनी, म्याग्दी गण्डकी प्रदेश, नेपाल २०७३